स्वच्छ खानेपानी र सरसफाइको उपलब्धता र दिगो विकासमा प्रदेश सरकारको भूमिका

आयोजक:

खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ

लुम्बिनी प्रदेश समिति

पौष ८ गते, २०७९

प्रस्तुतकर्ता:

ध्रुव धिताल

सिनियर डिभिजनल ईन्जिनियर

पर्यटन, ग्रामिण तथा शहरी विकाश मन्त्रालय

लुम्बिनी प्रदेश

खानेपानी तथा सरसफाइको: दिगो विकास लक्ष्य आवश्यकता पहिचान, लागत अनुमान तथा वित्तीय रणनीति

मानव अधिकारको रुपमा खानेपानी तथा सरसफाइ

संयुक्त राष्ट्र संघीय आर्थिक,सामाजिक तथा सांस्कृतिक अधिकार समितिको टिप्पणी नं.१५ (सन् २००२)

अवधारणा	मापदण्ड
पर्याप्त खानेपानी	विश्व स्वास्थ्य संगठनका अनुसार प्रयाप्त पानी पाएको कुरा मान्नका लागी प्रति व्यक्ति प्रतिदिन ५०-१०० लिटर पानी उपलब्ध हुनुपर्ने । त्यस्तै पानीको अति अभावको स्थितिमा पनि प्रति व्यक्ति दैनिक न्युनतम २० लिटर पानी उपलब्ध हुनुपर्ने ।
गुणस्तरिय खानेपानी	शुद्ध,किटाणु रहित,केमिकल रहित,घातक परावैजनी पदार्थ नमिसिएको,मिसावट निषेध गरिएको,स्वास्थ्य सुरक्षा गर्ने र पानीको रङ्ग तथा स्वाद प्राकृतिक किसिमको भएको पानीलाई मात्र गुणस्तरिय पानी मान्न सकिने ।
खानेपानी र सरसफाइमा पहुँच	पानीको श्रोत घरबाट १ कि.मी.दुरी भित्र हुनुपर्ने वा पानी संकलन ३० मिनेट भित्रमा गर्न सकिने स्थान र अवस्थामा हुनुपर्ने । (घरभित्र वा घरआँगनको वरिपरी हुनुपर्ने)
आर्थिक रुपमा थेग्न सक्ने गरी	सबैको सामर्थ्यभित्र र नागरिकको आर्थिक हैसियतले थेग्न सक्ने गरी खानेपानीको दस्तुर तथा मुल्य कायम गर्नुपर्ने ।
खानेपानी आपुर्ति	युएनडिपीका अनुसार घरको आम्दानीको ३ प्रतिशत भन्दा बढी रकम खानेपानीका लागी खर्च गर्नुपर्ने अवस्था हुन नहुने
खानेपानी उपलब्धताको प्राथमिकताक्रम	पानी उपयोगमा आधारभुत आवश्यकता (घरायसी उपयोग जस्तै :खानेपानी नुहाई धुवाई,खाना पकाउन,व्यक्तिगत सरसफाइ आदि) लाई पहिलो प्राथकिमता दिनुपर्ने
खानेपानी उपयोगमा भेदभाव	खानेपानीको उपभोगमा कुनै पनि आधारमा विभेद,निकाला,प्रतिबन्ध,बहिस्कार आदि गर्न नपाईने ।
निषेध	विपन्नता,वन्चितिकरण र उच्च जोखिममा परेका कारण खानेपानीको अधिकारबाट बन्चित हुने अवस्था हुन नहुने र यस्तो अवस्थामा राज्यले सहयोग गर्नुपर्ने ।
सहभागिता र सूचना माथिको अधिकार	खानेपानी तथा सरसफाइ सम्बन्धि सबै किसिमका निर्णय प्रक्रियामा सम्बन्धित सबै महिला पुरुषको सहभागिता र जानकारी पाउने हक सुनिश्चित गरिएको हुनुपर्ने ।

मौलिक हकको रुपमा खानेपानी तथा सरसफाइ

मौलिक हकहरु	संवैधानिक नीति
३५.स्वास्थ्य सम्बन्धि हक : (४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ ।	धारा ५१ (छ)(१) प्राकृतिक श्रोत साधनको संरक्षण सर्म्बद्धन र वातावरण अनुकूल दिगो रुपमा उपयोग गर्ने ।
३०.स्वच्छ वातावरणको हक : (१) प्रत्येक नागरिकलाई स्वस्थ र स्वच्छ वातावरणमा बाँचन पाउने हक हुनेछ ।	
सवाल : १) स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक कार्यान्वयनका लागि अन्य मौलिक हक संग एकाकार कसरी गर्ने ? (जस्तै समानताको हक,छुवाछूत तथा भेदभाव विरुद्धको हक,सामाजिक न्यायको हक) २.प्रदेश सरकार र स्थानिय सरकारले आफ्नो क्षेत्र भित्र खानेपानी तथा सरसफाइ सेवाको आपुर्ति उपभोक्ता संस्थाका माध्यबाट गर्ने वा आफै गर्ने वा अन्य कुनै संयन्त्र हुने ।	

खानेपानी तथा सरसफाइ सम्बन्धि राज्य शक्तिको बाँडफाँड (धारा ५७)

संघको अधिकार अनुसुचि ५	प्रदेशको अधिकार अनुसुचि ६	संघ र प्रदेश साझा अधिकार अनुसुचि ७	स्थानिय तहको अधिकार अनुसुचि ८	संघ,प्रदेश रस्थानिय तहको साझा अधिकार अनुसुचि ९
११.जलस्रोतको संरक्षण र बहुआयामिक उपयोग सम्बन्धि नीति र मापदण्ड	७.प्रदेश स्तरको खानेपानी सेवा	१८.खानेपानी तथा सरसफाइ	१९.खानेपानी	५.विद्युत,खानेपानी तथा सिचाइ जस्ता सेवाहरु ७.जल उपयोग

प्रदेश सरकारको कार्य विभाजनमा खानेपानी तथा सरसफाइ

प्रदेश सरकार (कार्य विभाजन नियमावली २०७४) लुम्बिनी प्रदेश	खानेपानी,सरसफाइ स्वच्छता (वास) कार्यविधि २०७६ लुम्बिनी प्रदेश
भौतिक पुर्वाधार विकास मन्त्रालय (हाल पर्यटन, ग्रामिण तथा शहरी बिकाश मन्त्रालय)	• वास योजना तर्जुमा (सेवा प्रदायक मार्फत)
• प्रदेश स्तरको खानेपानी व्यवस्थापन सम्बन्धि अध्ययन,अनुसंधान,नीति,कानुन,मापदण्ड,गुरुयोजना,आयोजना तथा योजना निर्माण,कार्यान्वयन,संचालन,मर्मत सम्भार समन्वय र नियमन । • प्रदेश स्तरमा खानेपानी सम्बन्धि सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन ।	• खानेपानी,सरसफाइ तथा स्वच्छता समितिको गठन • वास योजना कार्यान्वयन जिम्मेवारी - स्थानिय सरकार • तथ्यांक संकलन • वित्तिय व्यवस्थापन • सुचक मार्फत दिगो विकास लक्ष्य अनुसार मुल्यांकन

सवाल :

- खानेपानी तथा सरसफाइ सेवा आपुर्ति प्रणाली र संस्थागत संरचना कस्तो हुने ?
- खानेपानी गुणस्तर मापदण्ड र सेवा शुल्क निर्धारण संघीय कानुन बमोजिम हुने की प्रदेश कानुन बमोजिम हुने ?
- योजना तर्जुमा प्रक्रियामा खानेपानी तथा सरसफाइ सेवा संचालन गर्दै आएका उपभोक्ता संस्थाको भूमिका र सहभागिता के हुने ?

संघ, प्रदेश र स्थानीय तहबाट कार्यान्वयन गरिने खानेपानी तथा सरसफाइ आयोजनाको वर्गीकरण (मन्त्रिपरिषद्को मिति २०७६/२/१० को निर्णय अनसार

संघीय तहबाट सञ्चालन हुने	प्रदेश तहबाट सञ्चालन हुने	स्थानीय तहबाट सञ्चालन हुने
• राष्ट्रिय प्रकृतिका ठूला आयोजनाहरु	• प्रदेशस्तरका आधारभूत खानेपानी उत्पादन, प्रशोधन र वितरणसम्बन्धी कार्यहरु	आधारभूत खानेपानी आयोजना
• सहलगानीमा निर्माण हुने वैदेशिक सहायताका आयोजना	तराई मधेशमा ५ हजार देखि १५ हजार पहाडमा ३ हजारदेखि ५ हजार र हिमालमा ५ सय देखि १ हजार सम्मको जनसंख्यालाई खानेपानी सेवा पुयाउने आयोजना	तराई मधेमा ५ हजार, पहाडमा ३ हजार र हिमालमा ५ सय सम्मको जनसंख्यालाई खानेपानी सेवा पुयाउने आयोजना
ढल प्रशोधन सहितका आयोजना	फाहरमैला व्यवस्थापन र प्रशोधन कार्यहरु	खानेपानीको वितरण तथा अनुगमन
• तराई मधेशमा १५ हजार, पहाडमा ५ हजार र हिमालमा १ हजार भन्दा बढी जनसंख्यालाई खानेपानी सेवा पुयाउने आयोजना	एकभन्दा बढी स्थानीय तहलाई प्रभाव पर्ने आयोजनाहरु	सरसफाइसम्बन्धी जनचेतना अभिवृद्धि
खानेपानीको स्रोत र वितरण छुट्टै प्रदेशमा पर्ने खानेपानी आयोजनाहरु		ग्रामिण खानेपानी तथा सरसफाइ र फोहरमैला व्यवस्थापन
ठूलो लगानी आवश्यक पर्ने बहुउद्देश्यीय फाहरमैला व्यवस्थापन र प्रशोधन कार्यहरु		
सवाल : यो वर्गीकरण र संविधानको अनसुची ७ एवं ९ का बीचमा तालमेल छ की छैन ?		

दिगो विकास लक्ष्य ६:

- सबैको निम्ति खानेपानी तथा सरसफाईको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने ।
- सन् २०३० को लागि राखिएका परिमाणात्मक लक्ष्यहरूमा
  - आधारभूत खानेपानीको दायरा ९९ प्रतिशत घरपरिवारमा पुऱ्याउने
  - पाइपबाट वितरित खानेपानी र सुधारिएको सरसफाई सेवा ९० प्रतिशत घरपरिवारमा पुऱ्याउने
  - अन्य परिमाणात्मक लक्ष्यहरूमा ९९ प्रतिशत समुदायहरूलाई खुला दिशामुक्त बनाउने,
  - ९५ प्रतिशत घरपरिवारमा एकल सुधारिएको सरसफाई सुविधा पुऱ्याउने
  - ९८ प्रतिशत जनसङ्ख्यालाई शौचालय (साझेदारी सुविधासहित) प्रयोग गर्न सक्षम बनाउने

आवश्यकताहरूको पहिचान र लागत अनुमान (Needs Assessment and Costing)

- सन् २०१६-१९ को लागि प्रतिवर्ष रु. ३७ अर्ब हुने अनुमान छ
- सन् २०२०-२२ मा प्रतिवर्ष रु.१००.५ अर्बसम्मको उच्चतामा पुग्ने अनुमान गरिएको छ
- यसैगरी सन् २०२६-३० को लागि प्रतिवर्ष क्रमशः घट्दै गई रु.८६.४ अर्ब हुने अनुमान गरिएको छ

दिगो विकास लक्ष्यको वित्तीय रणनीति (SDG Financing Strategy)

- समग्रमा सन् २०१६-२०३० को लागि सार्वजनिक क्षेत्रको वित्तीय न्यूनता गरिबी निवारण र पूर्वाधार विकास क्षेत्रमा सबैभन्दा बढी हुनेछ । यसमा खानेपानी र सरसफाई, ऊर्जा, यातायात, औद्योगिक र शहरी पूर्वाधार समावेश छन् जसले कुल वित्तीय न्यूनताको करिब ५९ प्रतिशत ओगटेका छन्

दिगो विकास लक्ष्यहरूको लागि प्रमुख नीति/कार्यक्रमगत हस्तक्षेपहरू

- खानेपानी र सरसफाईमा सर्वव्यापी पहुँचको लागि आवश्यक हुने नीति/कार्यक्रमगत हस्तक्षेपहरूमा पहुँच र उपयोगमा विस्तार;
- पारिस्थितिकीय प्रणाली/पानीको वृद्धि र उत्पादन तथा दिगोपनाको सुनिश्चितता;
- शासनसम्बन्धी संस्थागत संरचनाको सुदृढीकरण;
- क्षमता विकास;
- पानी, सरसफाई र स्वच्छता (WASH) विषयमा कूटनीतिक पहलहरू;
- क्षेत्रगत मिलान (convergence) सञ्जाल र बढावा;
- पानीको गुणस्तर सुधार;
- आपतकालीन र जोखिमसम्बन्धी प्रतिकार्य र सुपरिवेक्षण तथा प्रणाली व्यवस्थापनजस्ता हस्तक्षेप समावेश गरिएका छन्।

दिगो विकास लक्ष्यहरूको लागि प्रमुख नीति/कार्यक्रमगत हस्तक्षेपहरू....

- चार उल्लेखनीय नीति/कार्यक्रमगत हस्तक्षेपहरू निम्नानुसार छन्:-
  - (क) सबैका लागि सुरक्षित र किफायती खानेपानीमा विश्वव्यापी र उचित पहुँच, पर्याप्त सरसफाई र स्वच्छता;
  - (ख) खेरजाने पानीको उपचार र पुनर्चक्रण (recycling) लगायत पानीको गुणस्तरमा चासो ;
  - (ग) पानीको अभाव हटाउन पानीको प्रयोगमा कुशलता ; र
  - (घ) जलस्रोत व्यवस्थापनमा सुधार र पारिस्थितिकीय प्रणालीहरूको संरक्षण ।

लक्ष्य र सूचकहरूको आधारमा दिगो विकास लक्ष्यको लागत अनुमान (Costing of SDGs Based on Their Targets and Indicators)

- सूचकहरूद्वारा परिमाणात्मक लक्ष्यहरू निर्धारण गर्दा दिगो विकास लक्ष्यको स्थिति र मार्गचित्र प्रतिवेदन (२०१७) ले खानेपानी र सरसफाई उपक्षेत्रको आवश्यकतालाई पहिचान गरेको छ ।
- सन् २०३० सम्ममा ९० प्रतिशत घरपरिवारमा पाइपबाट खानेपानीको आपूर्ति पुऱ्याउने र लगभग सबै घरपरिवारमा आधारभूत खानेपानीको आपूर्ति र सरसफाई सुविधा उपलब्ध गराउने लक्ष्यहरू रहेका छन् (तालिका) ।

लक्ष्य र सूचकहरूको आधारमा दिगो विकास लक्ष्यको लागत अनुमान (Costing of SDGs Based on Their Targets and Indicators)

- क्षेत्रगत विकास योजना (SDP) ले निम्नलिखित विषयसम्बन्धित लागत समावेश गरेको छ :-
  - पहुँच, पुगेको, उपयोग र लाभ ;
  - WASH सेवाहरूको कार्यगतता, दिगोपना र सम्भार ;
  - नवप्रवर्तन, अनुसन्धान तथा विकास, प्रविधि ;
  - पारिस्थितिकीय प्रणाली संरक्षण, नदी स्वास्थ्य, स्रोत संरक्षण ;
  - जलशासन, संस्थागत व्यवस्था, क्षमता विकास ; र
  - सञ्जाल (networking), अनुगमन तथा मूल्याङ्कन र गुणस्तर नियन्त्रण ।

तालिका : दिगो विकास लक्ष्य ६

(खानेपानी र सरसफाई) को परिमाणात्मक लक्ष्यहरू र सूचकहरू

परिमाणात्मक लक्ष्यहरू र सूचकहरू	सन् २०१५	सन् २०१९	सन् २०२२	सन् २०२५	सन् २०३०
पाइपद्वारा वितरण गरिएको खानेपानी आपूर्तिमा पहुँच हुने घरपरिवार (प्रतिशत)	४९.५	६०.३	६८.४	७६.५	९०.०
आधारभूत खानेपानी आपूर्तिको दायरा %	८७.०	९०.२	९२.६	९५.०	९९.०
सुरक्षित खानेपानी उपयोग गरिरहेका जनसङ्ख्या %	१५.०	३५.०	५०.०	६५.०	९०.५
घोषणा गरिएको खुला दिशामुक्त क्षेत्र %	४१.०	५६.५	७१.९	८३.५	९९.०
सरसफाईको दायरा (Coverage) %	८२.०	८६.५	८९.९	९३.३	९९.०
प्रशोधन/शुद्ध नगरिएको औद्योगिक फोहोर पानीको अनुपात %	९९.०	७५.३	५७.५	३९.७	१०.०

- स्रोतहरू: दिगो विकास लक्ष्य स्थिति तथा मार्गचित्र प्रतिवेदन २०१७

दिगो विकास लक्ष्य कार्यान्वयनका लागि समग्र वार्षिक औसत लगानी आवश्यकता (एकाइः ने.रु.अर्बमा)

दिगो विकास लक्ष्य क्षेत्रहरू	सन् २०१६-१९	सन् २०२०-२२	सन् २०२३-२५	सन् २०२६-३०	सन् २०१६-३० को लागि औसत
खानेपानी तथा सरसफाई	३७.०	१००.५	९१.७	८६.४	७६.७

निजी क्षेत्रको वित्तीय व्यवस्थापन

- व्यापारिक मोडेलमा दिगो रूपमा लगानीको माध्यमबाट राष्ट्रमा उपलब्ध जलस्रोतको उपयोग गर्दछ र यसलाई बेहोर्न सकिने बनाउँछ ।
- प्रदूषित पानीको उत्सर्जन कम गर्न, डम्पिङको अन्त्य र खतरनाक रसायन एवम् सामग्रीको निकास कम गर्न लगानी गरेर सार्वजनिक र सामुदायिक क्षेत्रमा खानेपानीको गुणस्तर सुधार गर्न सक्दछ यसले सफा नगरिएको फोहर पानीको अनुपात दिगो रूपमा व्यवस्थापन गरी घटाउँछ
- निजी क्षेत्रले सरकारलाई पानीसम्बन्धित पारिस्थितिकीय प्रणालीलाई संरक्षण गर्न र पुनर्स्थापना गर्न मद्दत पुऱ्याउन सक्छ
- निजी क्षेत्रले एक व्यवसायिक सामाजिक उत्तरदायित्वको रूपमा खानेपानी र सरसफाई व्यवस्थापन सुधार गर्न सहयोग पुऱ्याउन र स्थानीय समुदायहरूको सहयोगलाई बढाउन पनि मद्दत गर्न सक्छ ।

कार्यान्वयन साझेदारी रणनीति

- प्रदेश सरकारसंगको साझेदारी
- स्थानीय सरकारसँग साझेदारी
- निजी क्षेत्रसँग साझेदारी
- सहकारी संस्था, समुदाय, नागरिक समाज सङ्गठन र गैह्रसरकारी संस्थाहरूसँग साझेदारी

दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयन गर्न गैह्रराज्य पात्रहरू- नागरिक समाज समूहहरू, सहकारीहरू, मिडिया र सामुदायिक समूहहरू- को निम्ति सरकार र निजी क्षेत्रसँगको साझेदारीमा काम गर्नका लागि यिनीहरूबीच एक अर्थपूर्ण सहभागिता आवश्यक हुन्छ ।

सूचकहरुका लक्ष्य र प्रगति (SDG) को आधारमा (लुम्बिनी प्रदेश)

सूचक	SDG संकेत	एकाई	प्रतिवेदन अबधि	२०७५/७६ को स्थिति	२०८०/८१ को लक्ष्य	२०७७/७८ को स्थिति	२०७८/७९को स्थिति
आधारभूत खानेपानी सुविधा पुगेका घरपरिवार	६.१	प्रतिशत	बार्षिक	९०.६०	१००	*९६.९५	*९९.७६

लुम्बिनी प्रदेशको नक्शा

तालिका १.१ भौगोलिक अवस्थिति प्रदेश नं. ५

उचाइका आधारमा	प्रतिशत	भूगोलको आधार	प्रतिशत
५०० मिटर भन्दा कम	४३.३	उच्च हिमाल	३.१
५००-१०००	२०.४	उच्च पहाड	९.१
१०००-२०००	२४.१	मध्यम पहाड	३२.२
२०००-३०००	७.४	शिवालिक	२७.९
३०००-४०००	३.०	तराई	२७.६
४०००-५०००	१.६		
५००० मिटरभन्दा माथि	०.३		

स्रोतः भू तथा जलाधार संरक्षण बिभाग

प्रदेश नं. ५

तालिका १.२ जिल्ला अनुसार पालिकाहरू र वडाहरूको संख्या

जिल्लाहरू	गाउँपालिका	नगरपालिका	उपमहानगरपालिका	वडाहरू
नवलपरासी	४	३		७४
रुपन्देही	१०	५	१	१५५
कपिलबस्तु	४	६		९६
पाल्पा	८	२		८१
अर्घाखाँची	३	३		६१
गुल्मी	१०	२		९३
रुकुम पूर्व	३			३१
रोल्पा	९	१		७२
प्यूठान	७	२		६४
दाङ्ग	७	१	२	१००
बाँके	६	१	१	८१
बर्दिया	२	६		७५
जम्मा	७३	३२	४	९८३

स्रोतः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

तालिका २.१ क्षेत्रफल र जनसांख्यिक स्थिति

जिल्लाहरू	जनसंख्या	जिल्लागत वितरण प्रतिशतमा	क्षेत्रफल वर्ग किमी	जिल्लागत क्षेत्रफलको अंश	जनघनत्व प्रति वर्ग किमी	जनसंख्या वृद्धिदर
नवलपरासी (पश्चिम)	३३१,९०४	७.४	६३४.८८	३.६	५२२.८	१.३४
रुपन्देही	८८०,१९६	१९.६	१२९७.४९	७.३	६७८.४	२.१७
कपिलबस्तु	५७१,९३६	१२.७	१६५१.१७	९.३	३४६.४	१.७१
पाल्पा	२६१,१८०	५.८	१४६१.९	८.२	१७८.७	-०.२८
अर्घाखाँची	१९७,६३२	४.४	१२३९.०८	७.०	१५९.५	-०.५३
गुल्मी	२८०,१६०	६.२	१११०.७६	६.२	२५२.२	-०.५७
रुकुम पूर्व	५३,१८४	१.२	११६१.१३	६.५	४५.८	१.०१
रोल्पा	२२४,५०६	५.०	१८८५.४१	१०.६	११९.१	०.६७
प्यूठान	२२८,१०२	५.१	१३२०.९३	७.४	१७२.७	०.७१
दाङ्ग	५५२,५८३	१२.३	३०५९.८१	१७.२	१८०.६	१.७८
बाँके	४९१,३१३	१०.९	१८८२.२७	१०.६	२६१.०	२.४२
बर्दिया	४२६,५७६	९.५	११०५.३६	६.२	३८५.९	१.०९
प्रदेश नं. ५	४४,९९,२७२	१००.०	१७,८१०.१९		२५२.६	१.३७
नेपाल	२६,४९४,५०४		१४७,१८१		१८०	१.३५

स्रोतः राष्ट्रिय जनगणना २०६८, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको GIS तथ्याङ्क र केन्द्रीय तथ्याङ्क विभागको पपुलेशन मोनोग्राफ भाग १

लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना

क्र.सं.	योजना	स्वीकृत	
१	प्रथम आवधिक योजना	भएको	-
२	मध्यमकालिन खर्च संरचना	तयार भएको	-

प्रथम आवधिक योजनाको रणनीति

१. कृषी, उद्योग र पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गरी आर्थिक वृद्धि दर बढाउने,

२. आवश्यक भौतिक पूर्वाधार निर्माण तथा विस्तार गर्ने, (खानेपानी तथा सरसफाई समेत)

३. गुणस्तरीय शिक्षा र स्वास्थ्य विस्तार गरी मानवीय पूँजी निर्माण गर्ने,

४. सामाजिक समावेशिता र लैंगिक समता प्रवर्द्धन गर्ने, ।

५. प्रभावकारी विपद् व्यवस्थापन र जलवायू परिवर्तन अनुकूलित विकास गर्ने,

६. विधिको शासन कायम गर्दै सुशासन प्रत्याभूति गर्ने ।

प्रथम आवधिक योजनामा खानेपानी तथा सरसफाई

६.९ खानेपानी तथा सरसफाइ

विद्यमान अवस्था

प्रदेश ५ का ८९.८३ प्रतिशत घरधुरीमा खानेपानीको सुविधा पुगेको छ। तर उपलब्ध खानेपानीमा गुणस्तरीयताको समस्या रहेको छ। तराईका जिल्लामा आर्सेनिकको समस्या रहेको छ भने पहाडी जिल्लामा पानीका मुहान सुक्दै गएका छन्। वर्षाद्को समयमा पानीका स्रोतहरू बगाउने, पुर्ने तथा धमिलो पानी मिसिने समस्याहरू बग्रेल्ती छन्। कपिलवस्तु बाहेकका जिल्लामा शत प्रतिशत घरधुरीमा शौचालय भएको र सो बाहेकका ११ जिल्लाहरू खुला दिसामुक्त घोषणा भइसकेको भएपनि यी तथ्याङ्क अनुरूप शौचालय प्रयोग गर्ने आनीबानी विकास हुन सकेको छैन। शहरबजार क्षेत्रहरूबाट ठूलो मात्रामा (ठोस) फोहोर निस्कने र त्यसको प्रभावकारी व्यवस्थापन हुन नसकेको अवस्था छ। सडक तथा अन्य निर्माणका काममा उड्ने धूलो, आगजनी तथा इन्धनको जथाभावी प्रयोग गर्ने कलकारखानाहरू, सवारीसाधन र उद्योगहरूबाट निस्कने धूवाँ, धूलो तथा विषाक्त ग्यासहरूले केही ठाँउहरूमा वायु प्रदूषण गराएका छन्।

दिगो विकासका लक्ष्यमा सन् २०३० सम्ममा सबैलाई स्वच्छ खानेपानी र सरसफाइ पुऱ्याउने लक्ष्य निर्दिष्ट छ। खुला दिसामुक्त बस्ती, ढल निकासको उचित व्यवस्था, खानेपानीको गुणस्तर सुधार, जलाधार क्षेत्रको संरक्षण यस लक्ष्य अन्तर्गत पर्दछन्।

आवधिक योजनाका परिमाणात्मक लक्ष्यहरु (आ.व.०८०/८१ सम्म)

सूचक	२०७५/७६	२०८०/८१
पूर्वाधार		
खानेपानी सुविधापुगेका घरपरिवार (प्रतिशत)	८९.८३	१००
विद्युत सेवा पुगेको जनसंख्या (प्रतिशत)	८१.०३	१००
सिंचित क्षेत्र (प्रतिशत)	५१	७०
सडकको लम्वाइ (कि.मी)*	११२३३	१२५००
पक्की सडकको अंश (प्रतिशत)	१७ (१,९३८ कि.मी)	२८ (३,५०० कि.मी)

लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना

प्रमुख समस्या

भरपर्दो र स्वच्छ खानेपानीको आपूर्ति हुन नसकेको, शहरी तथा बजार क्षेत्रमा प्रभावकारीरूपमा फोहोरको व्यवस्थापन हुन नसकेको, ग्रामीण क्षेत्रमा शौचालय प्रयोगको महत्त्वसम्बन्धी ज्ञानको अभाव रहेको छ। सडक तथा सार्वजनिक स्थलहरूमा खानेपानी, शौचालय तथा फोहोर व्यवस्थापन हुने गरेको छैन। तराईका ग्रामीण बस्तीहरूमा कम गहिराइका चापाकलबाट पानी प्राप्त हुने भएपनि स्वच्छ नहुने भएकोले डीप बोरिङको स्वच्छ पानी वितरण गर्ने आयोजनाहरूमा

लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना

चुनौती र अवसर

स्वच्छ खानेपानीका स्रोतहरूको व्यवस्था गर्नु, छरिएर रहेका बस्तीहरूमा खानेपानी तथा ढलहरू पुऱ्याउनु, प्लाष्टिकको जथाभाबी प्रयोगमा कमी ल्याउनु, बनिसकेका शौचालय तथा फोहोर संकलन संयन्त्रहरूलाई प्रभावकारी उपयोग गर्नु र फोहरको वर्गीकरण गरी प्रभावकारी व्यवस्थापन गर्नु प्रमुख चुनौती हुन्। सरकारी कार्यालयहरू, स्वास्थ्य संस्था, विद्यालय, बाटोघाटो, मन्दिर र सार्वजनिक भेलास्थलहरूलाई पनि खानेपानी तथा सरसफाइको दायरामा ल्याउने चुनौती पनि रहेको छ।

लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना

दीर्घकालीन सोच

पूर्ण सरसफाइयुक्त तथा स्वच्छ खानेपानीमा शत प्रतिशत पहुँच भएको समृद्ध प्रदेश।

लक्ष्य

यस प्रदेशका सबै बस्तीहरूमा स्वच्छ र भरपर्दो खानेपानी पुऱ्याउने र सबै प्रकारका फोहोरको प्रभावकारी व्यवस्थापन गर्ने।

उद्देश्य

१. प्रदेशका सबै जनताहरूलाई गुणस्तरीय तथा भरपर्दो खानेपानी सेवा पुऱ्याउनु।

२. प्रदेशको मानवकेन्द्रित सबै ठाँउहरूमा सरसफाइ सेवा बिस्तार गर्नु।

लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना

रणनीति	कार्यनीति
१. प्रदेशको खानेपानी तथा सरसफाइको गुरूयोजना बनाएर काम गर्ने।	१. खानेपानी सेवा उपलब्ध नभएका बस्ती पहिचान गरी त्यहाँ खानेपानी सुविधा पुऱ्याइनेछ। २. आवश्यकता अनुसार जलाशय, पोखरी, ट्याङ्की, पक्की घैंटाहरू तथा लिफ्ट प्रणाली निर्माण गरी खानेपानीको स्रोत सुनिश्चित गरिनेछ। ३. पम्पिङ र लिफ्ट प्रणालीबाट खानेपानी सेवा पुऱ्याएका आयोजनाहरूलाई सौर्यऊर्जा जडान गर्न प्रोत्साहन अनुदान दिइनेछ। त्यस्ता आयोजनाहरूलाई विद्युतको डिमाण्ड चार्जमा अनुदान दिइनेछ।

लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना

रणनीति	कार्यनीति
	४. निजी जग्गामा रहेका पानीका मूलहरूलाई उपभोक्ताको प्रयोगको लागि स्थानीय तहसँग समेत सहकार्य गरी सहजीकरण गरिनेछ। ५. संचालनमा रहेका खानेपानी आयोजनाहरूको मर्मत सम्भार तथा पानीको गुणस्तरपरीक्षण गरिनेछ। आवश्यकता अनुसार गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गरिनेछ। ६. खानेपानीको बजेटलाई जनसंख्याको अतिरिक्त भूगोललाई समेत आधार लिई विनियोजन गरिनेछ। ७. अति विपन्न बस्तीहरूमा स्वच्छ पिउने पानीको व्यवस्था गर्न समुदायको लगानीको अनुपात कम गरी जनतालाई व्यवस्थापनमा प्रत्यक्ष सहभागी गराउने गरी आयोजनाहरू संचालन र व्यवस्थापन गर्न पहल गरिनेछ। ८. स्रोतको सुनिश्चितता गर्दै सार्वजनिक धारालाई एक घर एक धारा नीति अनुसार निजी धारामा परिणत गरिनेछ र आवश्यक नयाँ धारा थपिनेछ। ९. तराईका ग्रामीण बस्तीमा भएका ट्युबवेलहरूको गुणस्तर प्रमाणीकरण तथा नियमित अनुगमन गरी सुरक्षित ट्युबवेललाई एक घर एक धाराको नीति बमोजिम धाराको परिभाषामा समेटिनेछ। १०. शौचालयसहितको गोबरग्यास (बायोग्यास) लाई पूर्ण सरसफाइ कार्यक्रममा समावेश गरी यसको विकासलाई प्रोत्साहन गरिनेछ।
२ स्थानीय सरकार	

लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना

२. स्थानीय सरकार, निजी क्षेत्र तथा विकास साझेदारहरूसित सहकार्य गर्ने।	१. शहरी फोहर व्यवस्थापनबाट जैविक ग्यास र प्राङ्गारिक मल उत्पादन गर्ने कारखाना स्थापना गर्न प्रोत्साहन र सहयोग गर्नुका साथै आवश्यकता अनुसार त्यस्ता कारखानाहरूमा रणनैतिक साझेदारी गरिनेछ। २. स्थानीय तहको सहकार्यमा शौचालय नभएका घरधुरीहरू पहिचान गरी अनिवार्य रूपमा शौचालय बनाउन प्रोत्साहन गरिनेछ। ३. स्थानीय स्तरमा सरसफाइ कायम राख्न स्थानीय तह बढी जिम्मेवार हुने भएकाले त्यसका लागि प्रदेश तहबाट सहयोग पुऱ्याइनेछ।

लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना

रणनीति	कार्यनीति
	४. स्वच्छ गाँउपालिका र नगरपालिकाहरू छनोट गरी पुरस्कृत गरिनेछ। ५. व्यवस्थित ढल निकासकालागि स्थानीय तहसँग सहकार्य गरिनेछ। प्रशोधन नगरिएको ढललाई खोला तथा नदीमा मिसाउन प्रतिवन्ध लगाइनेछ। ६. सार्वजनिक स्थल र सडकहरूमा फोहोर संकलनको यथेष्ट प्रवन्ध मिलाइनेछ। ७. राजमार्ग, चोक, व्यस्त क्षेत्र तथा पर्यटकीय स्थलहरूमा नविनतम प्रविधिमा आधारित सार्वजनिक शौचालयको निर्माण तथा संचालनलाई प्रोत्साहन गरिनेछ। ८. राजमार्ग छेउछाउका वनजंगल तथा बस्ती नभएको क्षेत्रमा दिसापिसाब गर्न रोकिने स्थानहरू पहिचान गरी महिला र पुरूषका लागि पृथक शौचालय बनाइनेछ। ९. विमानस्थल र ठूला बसपार्कको छेउछाउमा सार्वजनिक स्नानघर संचालनको लागि स्थानीय तह र निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। १०. आवश्यक संख्यामा ल्याण्डफिल साइटको विकास गर्न सहयोग गरिनेछ। ११. घनाबस्ती भएका शहरहरूमा प्रशोधन सुविधायुक्त ढल सुविधा पुऱ्याइनेछ। १२. गाउँ, नगर तथा उद्योगहरूलाई वैज्ञानिक फोहोर व्यवस्थापनमा आबद्ध गरिनेछ। १३. गार्हस्थ फोहोरलाई कुहिने र नकुहिनेमा वर्गीकरण गरी

लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना

	१३. गार्हस्थ फोहोरलाई कुहिने र नकुहिनेमा वर्गीकरण गरी संकलन,पृथकीकरण,पुनःप्रयोग तथा बिसर्जन गर्ने संस्कार बसालिनेछ। १४. सार्वजनिक कार्यक्रम गर्दा उत्पन्न भएको फोहोरको व्यवस्थापनको लागि आयोजकहरूलाई जिम्मेवार बनाउने र सफा नगरेमा जरिवाना गरिनेछ।
३. सरकारी कार्यालयहरूलाई खानेपानी तथा	१. प्रदेश सरकारको मातहतका हरेक कार्यालयहरूमा महिला तथा पुरूष एवम् वृद्धवृद्धा र अपांगता भएका सेवाग्राहीले उपभोग गर्न पाउने गरी पानीको भरपर्दो व्यवस्था भएका तथा

लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना

रणनीति	कार्यनीति
शौचमैत्री बनाउने।	नियमित सफाई गरिने शौचमैत्री शौचालयको अनिवार्य व्यवस्था गरिनेछ। २. प्रदेश सरकारको मातहतका हरेक कार्यालयहरूमा सेवाग्राहीले उपभोग गर्न पाउने गरी स्वच्छ पिउनेपानीको नियमित व्यवस्था गरिनेछ।
४. सवारीबाट सडकमा फोहोर फाल्न प्रतिबन्ध लगाउने।	१. सवारीबाट कुनै किसिमको फोहोर सडक वा छेउछाउ नफाल्ने बानी विकास गर्न सूचना तथा जनचेतना सन्देश प्रवाह गरिनेछ। २. सार्वजनिक सवारी भित्र डस्टविन राख्ने व्यवस्था अनिवार्य गरिनेछ।
५. प्रादेशिक मापदण्डहरू बनाएर प्रदूषण नियन्त्रण गर्ने।	१. विज्ञ तथा सरोकारवालाहरूको सहभागितामा प्रदूषणका प्रदेश अनुकूल मापदण्डहरू बनाएर लागु गरिनेछ। २. प्लाष्टिकको प्रयोगबारे प्रदेशको वस्तुस्थिति तथा प्लाष्टिकका प्रभावहरूबारे तथ्यमा आधारित अध्ययन एवम् विश्लेषण, वैकल्पिक व्यवस्था गरी यसको प्रयोगमा कमी गर्दै लगिने र यसको प्रशोधन गर्न स्थानीय तहलाई सहयोग गरिनेछ। स्वदेशी जैविक कच्चापदार्थबाट बन्ने वैकल्पिक झोलाको उत्पादन र प्रयोगलाई जोड दिइनेछ।

लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना

अपेक्षित उपलब्धि

योजना अवधिमा शत प्रतिशत घरपरिवारमा आधारभूत खानेपानी सुविधा पुगेको हुने, ६५ प्रतिशत परिवारमा प्रशोधित खानेपानी पुगेको हुने, फोहोर व्यवस्थापन भएको हुने, जनचेतना बढेको हुने, तथा व्यक्तिगत, पारिवारिक र सामुदायिक सरसफाइमा उल्लेख्य सुधार भई सभ्य र स्वस्थ नागरिक समाजको विकास भएको हुनेछ।

लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना

खानेपानी तथा सरसफाइ

क्र. स.	कार्यक्रम वर्ष	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	जिम्मेवार निकायहरू	अनुमानित बजेट
१	खानेपानी पहूँच विस्तार कार्यक्रम	•नीतिगत व्यवस्था •शत प्रतिशत जनतालाई आधारभूत खानेपानी उपलब्ध गराउने रणनीति अनुरुप स्थानीय तहसितको सहकार्यमा **खानेपानी संकल्प कार्ययोजना** अनुमोदन तथा कार्यान्वयन •चापाकलको गुणस्तर प्रमाणीकरण कार्यविधि तयार •प्रदेशस्तरीय प्रदुषण मापदण्ड निर्माण, कार्यान्वयन तथा क्षेत्र विस्तार •स्थान विशेष खानेपानी आयोजनाहरु					•साविम •आमायोम •भौपूविम	३ करोड
२	खानेपानी सघन कार्यक्रम	सघन कार्यक्रम तयार स्थल छनोट	छनोट भएका जिल्लामा सघन कार्यक्रम संचालन				भौपूविम	२.५ अर्ब

लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना

क्र. स.	कार्यक्रम वर्ष	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	जिम्मेवार निकायहरू	अनुमानित बजेट
३	खानेपानी स्रोत सुरक्षा कार्यक्रम	•पानी सुरक्षा कार्यक्रमको कार्यविधि तयार तथा नियमन	•१५ स्थानीय तहमा पानी सुरक्षा कार्यक्रम घोषणा	•जम्मा ४५ स्थानीय तहमा पानी सुरक्षा कार्यक्रम घोषणा	•जम्मा ७५ स्थानीय तहमा पानी सुरक्षा कार्यक्रम घोषणा	•सबै स्थानीय तहमा पानी सुरक्षा कार्यक्रम घोषणा	साविम/ स्थानीय तहहरू	१करोड ७५.
४	खानेपानी गुणस्तर अभिवृद्धि कार्यक्रम	•कपिलबस्तु र बर्दियामा प्रयोगशाला स्थापना •अत्यधिक लवणले समस्या ल्याएका शहरी खानेपानी वितरण प्रणालीको अध्ययन	•चापाकलको गुणस्तर प्रमाणीकरण गरी एक घर एक धारामा गणना प्रारम्भ	•आवश्यकता विश्लेषण गरी थप ३ प्रयोगशालाहरू स्थापना	•गुणस्तर मापनलाई नियमितता दिने गरी कार्यविधि तथा कार्य संचालन	•नियमित गुणस्तर मापन	भौपूबिमर मातहतका खानेपानी डिभिजनहरू	१२ करोड
५	शौचालय निर्माण अभियान	•खुल्ला दिसामुक्त घोषणा हुन बाँकी स्थानहरूमा सघन कार्यक्रम र घोषणा •घोषणा भएका स्थानमा अनुगमन तथा सुधार कार्यक्रम (निरन्तर)	•प्रादेशिक कार्यालय नमुना शौचालय कार्यक्रम •सडकक्षेत्र शौचालय कार्यक्रम •बाल, अपाङ्ग, वृद्धमैत्री शौचालय कार्यक्रम •पर्यटन क्षेत्र शौचालय कार्यक्रम •बजार क्षेत्र शौचालय कार्यक्रम				•साविम •भौपूबिम •स्थानीय तहहरू	२५ करोड
६	पूर्ण सरसफाइ कार्यक्रम	संस्थागत व्यवस्था तथा स्थानीय तहको सहकार्य हुनेगरी कार्यविधि तयार	•पूर्ण सरसफाइ कार्यक्रम संचालन •कम्तीमा १५ पालिकालाई पूर्ण सरसफाइयूक्त घोषणा	•पूर्ण सरसफाइ कार्यक्रम संचालन •समग्रमा कम्तीमा ५० पालिकालाई पूर्ण सरसफाइयूक्त घोषणा	•पूर्ण सरसफाइ कार्यक्रम संचालन •समग्रमा कम्तीमा ९० पालिकालाई पूर्ण सरसफाइयूक्त घोषणा	•पूर्ण सरसफाइ कार्यक्रम संचालन •सबै पालिका र प्रदेशलाई पूर्ण सरसफाइयूक्त घोषणा	•साविम •स्थानीय तहहरू	५० करोड विकास) साझेदारहरू बाट लगानी (जुटाउने
७	ठोस फोहोर	•नीतिगत व्यवस्था					•साविम	२५ करोड

लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना

क्र. स.	कार्यक्रम\ वर्ष	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	जिम्मेवार निकायहरू	अनुमानित बजेट
	व्यवस्थापन सहकार्य कार्यक्रम	•नास्ट तथा नगरपालिकाहरूको सहकार्यमा प्लाष्टिकबाट डिजेल निकाल्ने प्लान्ट स्थापना •निजी क्षेत्रसित साझेदारीमा नमूना बायोग्यास उत्पादन कार्यक्रम •बायोग्यास अनुदान कार्यक्रम •सिर्जनशील फोहोर व्यवस्थापन साझेदारी तथा सापटी कार्यक्रम					•भौपूविम •स्थानीय तहहरू	
८	सवारीजन्य सडक-फोहोरमुक्त प्रदेश कार्यक्रम	•सहभागितामूलक प्रक्रियाबाट सवारीबाट कुनै किसिमका फोहोर सडकमा फाल्न प्रतिबन्ध लगाउने कानुन निर्माण तथा कार्यविधि तयार •अन्तरक्रिया तथा जनचेतना कार्यक्रम	•अन्तरक्रिया तथा जनचेतना कार्यक्रम •सार्वजनिक सवारीलाई रद्दी टोकरी वितरण कार्यक्रम •सडकमा सवारीको फोहोर संकलन केन्द्र स्थापना •चालक, सहचालक अभिमुखीकरण कार्यक्रम				•आमाकाम	६ करोड
९	जनचेतना अभिवृद्धि तथा विशेष वर्ष कार्यक्रम•	•श्रव्यदृश्य सामग्री, पाठ्यक्रम, आमसंचार लगायतबाट जनचेतना •स्वच्छ पालिका पुरस्कार कार्यक्रम •खानेपानी संकल्प कार्ययोजना वर्ष	•नियमित जनचेतना कार्यक्रम •स्वच्छ पालिका पुरस्कार कार्यक्रम •सडक तथा सवारी सरसफाइ वर्ष	•नियमित जनचेतना कार्यक्रम •स्वच्छ पालिका पुरस्कार कार्यक्रम •ठोस फोहोरबारे जनचेतना वर्ष	•नियमित जनचेतना कार्यक्रम •स्वच्छ पालिका पुरस्कार कार्यक्रम •नदी सरसफाइ वर्ष	•नियमित जनचेतना कार्यक्रम •स्वच्छ पालिका पुरष्कार कार्यक्रम •वायू प्रदुषण जनचेतना वर्ष	•साविम/ स्थानीय तह	१० करोड विकास) साझेदारबाट (जुटाउने

•विशेष वर्ष घोषणालाई राष्ट्रिय र अन्तरराष्ट्रिय सन्दर्भअनुसार वर्ष र विषय यताउता पार्न सकिने।

लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना

प्रमुख सूचकहरु	एकाइ	आधार वर्ष २०७५।७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
शहरी विकास								
शहरी क्षेत्रमा बसोवास गरेका जनसंख्या	प्रतिशत	५२					६०	प्रतका/ केतवि
खानेपानी तथा सरसफाइ								
आधारभूत खानेपानी पहूँच पुगेका घरपरिवार	प्रतिशत	८९.८३	९२	९५	१००	१००	१००	प्रतका/ केतवि
स्वच्छ तथा प्रशोधित खानेपानी पहूँच पुगेका घरपरिवार	प्रतिशत	४२	४३	५०	५५	६०	६५	प्रतका/ केतवि
शौचालय भएका घरधुरी	प्रतिशत	९९.२९	१००	१००	१००	१००	१००	प्रतका/ केतवि
पूर्ण सरसफाइ भएका घरधुरी	प्रतिशत							प्रतका/ केतवि

लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना

खानेपानी तथा सरसफाइ								
खानेपानी आयोजना सम्पन्न (नयाँ)	संख्या	५	१०	६०	१५०	१८०	२००	भौ.पू.वि.म.
खानेपानी पहुँच भएका थप घरधुरी	संख्या	-	२२४००	५०५०५	९१५००	९१८००	९२०००	भौ.पू.वि.म.
शौचालय निर्माण भएका थप घरधुरी	संख्या	०	५०००	९,०००	१२,०००	१२,१००	१२२००	भौ.पू.वि.म.
शहरी क्षेत्रमा ढल निर्माण	किमी	०	२	४०	१००	१३०	१५०	भौ.पू.वि.म.

लुम्बिनी प्रदेशको खानेपानी तथा सरसफाई योजना कार्यान्बयनको अवस्था

कुल घर संख्या (रा.ज.२०६८ अनुसार)	आधारभूत सुबिधा प्राप्त प्रतिशत					लाभान्वित घरसंख्या			
	बि.स. २०७५ कार्तिक सम्म	आ.व. २०७५/७६ सम्म	आ.व. २०७६/७७ सम्म	आ.व. २०७७/७८ सम्म	आ.व. २०७८ /७९ सम्म	आ.व. २०७५/७६मा	आ.व. २०७६/७७मा	आ.व. २०७७/७८ मा	आ.व. २०७८ /७९ मा
८८४७५७	**८९.८३**	९०.६०	९२.५५	९६.९५	९९.७७	६८९९	१७३३२	३९७८५	२४९३७
	(खा. पा.बिभाग)	(प्रदेश सरकारले कार्यान्बयन गरेको आयोजनाबाट लाभान्वित घर संख्याको आधारमा)				(प्रदेश सरकारले कार्यान्बयन गरेको आयोजनाबाट लाभान्वित घर संख्या मात्र)			

आ.व.०७८/०७९ को पुँजिगत बजेट र खर्च

रु.हजारमा

सि.नं.	महाशाखा	जम्मा	खर्च
		(थप रकम समेत)	
१	खानेपानी तथा सरसफाई	३४९९१७२	२७७६९१०

चालु आ.व.०७९/०८० को पुँजिगत बिनियजित बजेट

रु.हजारमा

	ससर्त तर्फ	समानीकरण तर्फ	जम्मा
	८९८५००	१४८०४५९	२३७८९५९

खानेपानी तथा सरसफाई योजना कार्यान्बयनको अवस्था

रु. हजारमा

क्र. सं.	बिषयगत कार्यक्रम	कुल योजना संख्या	हाल सम्मको अवास्था	
			आ.व. २०७८/०७९ सम्म सम्पन्न	सम्पन्न हुन् बाँकी
१	शसर्त तर्फ	६८९	२१८	४७१
२	समानीकरण तर्फ क. कार्यान्बयन भै रहेका ख. नया प्रस्तावित	७२४ १२५०	८९	६३५
	जम्माः	**२६६३**	**३०७**	**११०६**

खानेपानी तथा सरसफाई योजना कार्यान्बयनको अवस्था

रु. हजारमा

क्र. सं.	बिषयगत कार्यक्रम	कुल ल.ई रकम (सरकार को मात्र)	हाल सम्मको खर्च					हाल सम्मको वित्तीय प्रगति(%)				आयोजना को अनुमानित बाँकी दाईत्व
			आ.व. 2075/76 भन्दा अगाडी	आ.व. 2075/76	आ.व. 2076/77	आ.व. 2077/78	आ.व. २०७८/०७९	आ.व. 2075/76	आ.व. 2076/77	आ.व. 2077/78	आ.व. २०७८/०७९	
१	खानेपानी तथा सरसफाई(शसर्त तर्फ)	२३६५६२५६	४१४९९९७	९२३२०२	२३०७६७५	२१४४१७५	१६४२६८२	६८.५७	९८.५१	८४.३७	८३.२२	११७२६५२९
२	खानेपानी तथा सरसफाई(समानीकरण तर्फ)	२९२०१३३१		२८८५४६	१३३९१६६	२५९८०१२	११३४२२८	१००.००	७३.५६	८४.२५	७४.३६	२१६२१७६९
	जम्माः	५२८६८५८७	४१४९९९७	१२११७४८	३६४६८४१	४७४२१८७	२७७६९१०					**३३३४८२९८**

समस्या तथा समाधानका पहल

समस्याहरु	समाधानका लागि गरिएका पहलहरु
• कोभिड-१९ को महामारी नियन्त्रणका लागि भएको बन्दाबन्दीबाट आयोजना कार्यान्वयनमा समस्या सिर्जना भएको,	• स्वास्थ्यका आधारभूत मापदण्ड पुरा गरी स्थानीय प्रशासनसँगको समन्वयमा लकडाउनको अवधिमा पनि आयोजना सञ्चालन गरिएको ।
• चालु आ.व.मा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भईसकेका संघीय सरकारबाट हस्तान्तरीत सशर्त तर्फका आयोजनाहरुमा न्यून बजेट विनियोजन भएकोले कार्यान्वयनमा समस्या ।	• आवश्यक थप बजेटका लागि नेपाल सरकारसँग माग गरी आ.व.को अन्तिमसम्ममा पनि बजेट प्राप्त गरी खर्च गर्ने प्रबन्ध मिलाइएको ।

Picture source:
http://en.wikipedia.org/wiki/File:Portrait_of_a_Douc.jpg

समस्या तथा समाधानका पहल

समस्याहरु	समाधानका लागि गरिएका पहलहरु
• न्युनतम जनशक्ति तर अधिक आयोजना संख्या हुनु ।	• करारमा कर्मचारीहरु आवश्यक प्रावधिक जनशक्तिको व्यवस्थापन र कामकाजका लागि संघबाट खटिएका कर्मचारीहरुबाट समेत काम गर्ने व्यवस्था मिलाइएको ।
• Low Bidding/No bidding	• Low Bidding को हकमा बोलपत्रमा घटेको रकमको पुन: बोलपत्र आव्हान गर्ने गरिएको । No Bidding को हकमा पटक पटक सूचना जारी गर्ने व्यवस्था मिलाइएको ।

Picture source:
http://en.wikipedia.org/wiki/File:Portrait_of_a_Douc.jpg

समस्या तथा समाधानका पहल

समस्याहरु	समाधानका लागि गरिएका पहलहरु
• बिभिन्न योजनामा जग्गा विवाद र बिधुत तथा टेलीफोनका पोलहरुले योजना कार्यान्वयनमा समस्या भएको, योजनामा आवश्यक नदिजन्य पदार्थ सहज उपलब्धता हुन नसक्नु	• सरोकारवालाहरुसँग समन्वय र सहजिकरणक लागि उच्चस्तरीय बैठक र छलफलको माध्यमबाट विवादको निरुपण गर्ने गरिएको ।
• राष्ट्रिय निकुञ्ज क्षेत्र, मध्यवर्ति क्षेत्र र वन क्षेत्र भित्रका आयोजनाहरुको सञ्चालनमा समस्या,	• सरोकारवालाहरुसँग समन्वय र सहजिकरणक लागि उच्चस्तरीय बैठक र छलफलको माध्यमबाट विवादको निरुपण गर्ने गरिएको ।

Picture source:
http://en.wikipedia.org/wiki/File:Portrait_of_a_Douc.jpg

नेपाल सरकारसँगको अपेक्षा

- नेपाल सरकारबाट यस प्रदेशमा हस्तान्तरण भएका खानेपानी तथा सरसफाई आयोजनाहरुमा न्यून बजेट विनियोजन भएका कारण योजना निर्धारित समयमा सम्पन्न गराउन कठिन भएकोले आवश्यक रकम विनियोजन समयमा हुनुपर्ने ।
- संघीय निजामती सेवा ऐन संसदबाट पारित नभएसम्म प्रदेशको निजामती सेवा ऐनको तर्जुमा नहुने भएकोले कर्मचारी प्रशासनमा पदपूर्ति, बढुवाबाट जनशक्ति पदपूर्ति हुन नसक्ने भएकोले कर्मचारीको अभाव भैरहने परिप्रेक्ष्यमा संघीय निजामती सेवा ऐन संघीय संसदबाट यथासक्य चाडो पारित हुनुपर्ने ।
- संघ र प्रदेशका साझा अधिकारका सूचिमा रहेका अधिकारहरुको कार्यान्वयन गर्नको लागि आवश्यक पर्ने कानूनको तर्जुमा गर्नुपर्ने आवश्यकता रहेको ।

Picture source:
http://en.wikipedia.org/wiki/File:Portrait_of_a_Douc.jpg

धन्यवाद!!!

Picture source:
http://en.wikipedia.org/wiki/File:Portrait_of_a_Douc.jpg